धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक  जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४८ ◆ २०८३ भदौ १९ शुक्रबार ◆ Friday, September 4, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## प्रधानमन्त्री शाह र नेता पुनबीच भेट

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का नेता वर्षमान पुनले भेट गर्नुभएको छ । सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार भएको भेटमा उहाँहरुबीच रसुवा बाढी र त्यसपछिको खोज, उद्धार, उपचार, राहत वितरणलगायत विषयमा कुराकानी भएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो । उहाँहरुबीच बाढीबाट प्रभावित भएका पूर्वाधारलाई पुनः सञ्चालन गर्ने विषयमा छलफल भएको थियो । प्रधानमन्त्री शाहसँग यसअघि उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले पनि भेट गर्नुभएको थियो । उहाँहरुबीचको भेटमा पनि बाढी प्रभावित क्षेत्रमा भइरहेको खोज उद्धार र राहत लगायतका विषयमा कुराकानी भएको जनाइएको छ ।

## प्रतिनिधिसभाः बाढीबाट बेपत्ता भएकाको खोजी र सुरुङमा फसेकाको चाँडो उद्धार गर्न आग्रह

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । सांसदहरूले भोटेकोशी-त्रिशूली नदीमा बेपत्ता आफन्तको अवस्थाबारे जानकारी पाउन नसकेका परिवारप्रति दुःख व्यक्त गर्दै खोजी तथा उद्धार कार्यलाई तीव्रता दिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा आकस्मिक समयमा आफ्ना धारणा राख्ने अधिकांश सांसदहरूले बाढीबाट ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली, शोकसन्तप्त परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो । उहाँहरूले घरबारविहीन तथा विस्थापित नागरिकको उचित व्यवस्थापन गर्दै खोजी, उद्धार, राहत र पुनःस्थापनामा राज्यका सबै संयन्त्र परिचालन गर्न सभामुख मार्फत सरकारसँग आग्रह गर्नुभयो । सांसद गुरूप्रसाद बराल, सिर्जना श्रेष्ठ, ऐनबहादुर महर, गोपाल शर्मा, हरिमोहन भण्डारी, सोम शर्मा, एशुदाकुमारी अर्याल, रेखाकुमारी यादव, हरिनादेवी कामी, मनमाया विश्वकर्मा, सन्दीप राना, प्रेमबहादुर बयक, यज्ञबहादुर बोगटी, कृष्णहरि बुढाथोकी र बसुमाया तामाङले भोटेकोशी बाढीबाट बेपत्ता भएकाको खोजी तीव्र बनाउन आग्रह गर्नुभयो । त्यस्तै शाहजान खातुन, भरत बहादुर खड्का, केपी खनाल, ओजश्वी शेरचन, बुद्धिप्रसाद पन्त, बुद्धरत्न महर्जन, बलावती शर्मा, रमेशकुमार मल्ल, सिता थपलिया, खडकबहादुर बुढा र प्रकाशसिंह कार्कीले बेपत्ताको खोजी, जलविद्युत् आयोजना तथा सुरुङमा फसेकाको उद्धार, राहत, पुनःस्थापना, पूर्वसूचना तथा विपद् व्यवस्थापनमा सरकारको गम्भीर ध्यानाकर्षण गराउनुभयो ।

सांसद गुरूप्रसाद बरालले बाढी प्रभावित क्षेत्रमा भइरहेको खोजी, उद्धार, राहत तथा पुनर्निर्माण कार्यको निरीक्षण र अनुगमन गर्दै सरकारलाई सहजीकरण गर्न उच्चस्तरीय सर्वदलीय संसदीय समिति गठनका लागि सभामुख मार्फत 'रुलिङ' गर्न माग गर्नुभयो । सांसद भरतबहादुर खड्काले बाढीमा परेर बेपत्ता नागरिकहरूको छिटोभन्दा छिटो खोजी गर्न सरकारसँग अनुरोध गर्नुभयो । उहाँले आवश्यक परे जुनसुकै मुलुकसँग सहयोग र सहायता लिएर नेपाली नागरिकको जीवन जोगाउन तथा तीनवटै सरकारबीच समन्वय र सहकार्य गर्नुपर्ने बताउनुभयो । सांसद केपी खनालले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित हरूको खोजी कार्य तीव्र पार्न सरकारको ध्यानाकर्षण गराउनुभयो । ओजश्वी शेरचनले बाढी प्रभावित क्षेत्रमा महामारी फैलिन सक्ने अवस्थातर्फ ध्यान दिन तथा प्रभावितलाई मनोपरामर्श सेवा उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद बुद्धिप्रसाद पन्तले भोटेकोशी नदीमा आएको बाढी पहिरोमा परी पर्सा जिल्लाबाट धेरै जना सम्पर्कविहीन भएकाले परिवारहरू 'सास र आस' दुवैको प्रतीक्षामा रहेको बताउँदै खोजी, उद्धार र राहतमा जुट्न आग्रह गर्नुभयो ।

बुद्धरत्न महर्जनले सम्पर्क विहीनहरूको खोजी तथा उद्धारमा तदारुकता देखाउन र चाडपर्व नजिकिँदै आएकाले विभिन्न राजमार्गका सडक मर्मतसम्भार गरी ढुवानी सहज बनाउन माग गर्नुभयो । सांसद बलावती शर्माले बाढीमा हराइरहेका आफन्तका परिवारप्रति सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । उहाँले तीनवटै सरकारबीच समन्वय र सहकार्य गरी बाढी प्रभावितको उद्धार तथा राहतमा जुट्नुपर्ने बताउनुभयो ।

सांसद रमेशकुमार मल्लले भोटेकोशीको बाढीमा परी सल्यान जिल्लाका बालबालिकासहित ५२ जना सम्पर्कविहीन भएकाले आफन्तहरू सकुशल उद्धारको प्रतीक्षामा रहेको बताउँदै उद्धारमा तीव्रता दिन आग्रह गर्नुभयो । उहाँले प्रभावितको गाँस, बास र कपास लगायत मानवीय आवश्यकताको परिपूर्ति र प्रबन्ध मिलाउन माग गर्नुभयो ।

## मलेसियामाथि नेपालको जित

काठमाडौं । एसिसी पुरुष प्रिमियर कप क्रिकेट प्रतियोगितामा नेपालले लगातार दोस्रो जित निकालेको छ ।

मलेसियामा बिहीबार भएको खेलमा नेपालले घरेलु टोली मलेसियालाई ६ विकेटले पराजित गर्दै प्रतियोगितामा दोस्रो जित हासिल गरेको हो । यसअघि भएको पहिलो खेलमा नेपालले बहराइनलाई पराजित गरेको थियो ।

मलेसियाले नेपाललाई जितका लागि १०४ रनको सामान्य लक्ष्य दिएको थियो । जवाफमा नेपाल २१ दशमलव ४ ओभरमा चार विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । नेपालका लागि अर्जुन कुमालले सर्वाधिक ४५ रनको योगदान दिए । उनले ६८ बलमा चार चौका प्रहार गर्दै अविजित ४५ रनको योगदान दिएका हुन् ।

त्यसैगरी, इसान पाण्डेले २०, दीपेन्द्रसिंह ऐरीले १२ तथा रोहितकुमार पौडेलले १० बनाए । बलिङतर्फ मलेसियाका सायिद अजिज, भिरनदीप सिंह, प्रशान्त मधुकर र अरिफ उल्लाहले समान एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको मलेसियाले ३२ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै १०३ रनमा समेटिएको थियो । मलेसियाका लागि कप्तान सायिद अजिजले सर्वाधिक ३० रन जोडे । उनले ४९ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३० रन जोडेका हुन् ।

त्यसैगरी, अकिल वाहिदले २४ रन जोडे भने भिरनदीप सिंहले १४ तथा स्याहादत रामिले १३ रन जोड्नेबाहेक अन्य खेलाडीले दोहारो अङ्कमा रन बनाउन सकेनन् ।

मलेसियालाई १०३ रनमा समेट्ने क्रममा नेपालका करण केसीले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिए ।

त्यस्तै, ललितनारायण राजबंशीले दुई विकेट तथा हेमन्त धामी, दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछानेले समान एकरएक विकेट लिए । नेपालले अब आफ्नो तेस्रो खेल यही भदौ २१ गते साउदी अरेबियासँग खेल्नेछ ।

## बाढीपीडितका लागि टङ्क सापकोटाको ५१ लाख सहयोग

लिस्बन (पोर्चुगल) । टङ्क सापकोटाले रु ५१ लाख ११ हजार १५१ आर्थिक सहयोग दाखिला गर्नुभएको छ । सापकोटा पोर्चुगलमा चर्चित नेपाली 'सेफ' हुन् ।

रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि सापकोटाले गत बुधबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गर्नुभएको हो ।

पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले सापकोटाको सहयोगको प्रशंसा गर्दै प्राकृतिक विपत्तिमा परेका नागरिकको राहत तथा उद्धारका लागि उक्त सहयोग प्रशंसनीय र प्रेरणादायी रहेको बताउनुभयो । "सङ्कटको समयमा मातृभूमि र विपद्पीडित नागरिक प्रति सापकोटा ले देखाउनुभएको परोपकारी भावना र मानवीय सहयोगले सामाजिक उत्तरदायित्वको सकारात्मक सन्देश दिएको छ," राजदूत पौडेलले भन्नुभयो । बाढीबाट प्रभावित नागरिक को उद्धार, राहत तथा पुनःस्थापनामा थोरै भए पनि सहयोग पुऱ्याउने उद्देश्यले आफ्नो परिवारका तर्फबाट उक्त रकम प्रदान गरिएको सापकोटाले बताउनुभयो । दाजु लक्ष्मीप्रसाद सापकोटा र श्रीमती सीता सापकोटासँग सल्लाह गरेर परिवारका तर्फबाट विपत्तिमा परेका नागरिकलाई सहयोग गरिएको उहाँले बताउनुभयो ।

"प्राकृतिक विपत्तिमा परेका मातृभूमिका नागरिकको पीडा र दुःखमा थोरै भए पनि राहत पुऱ्याउनुलाई मैले आफ्नो मानवीय तथा सामाजिक उत्तरदायित्वका रूपमा लिएको छु । हामी संसार बदल्न सक्दैनौं, तर संसार बदल्न सहयोग गर्न सक्छौं । विपद्को यो कठिन घडीमा पीडित नागरिकको दुःखमा थोरै भए पनि साथ दिन सक्नु नै हाम्रो लागि ठूलो कुरा हो," सापकोटाले राससससँग भन्नुभयो । विगत ३० वर्षदेखि पोर्चुगलमा बस्दै आउनुभएका बागलुङ, दमेकका सापकोटाले राजधानी लिस्बनमा तीन इटालियन र एक नेपाली गरी चारवटा रेस्टुरेन्ट सञ्चालन गर्दै आउनुभएको छ । पाककलामा




उत्कृष्ट कला-कौशल प्रदर्शन गर्दै आउनुभएका सापकोटाले दर्जनौं 'अवार्ड' तथा पुरस्कारसमेत प्राप्त गरिसक्नुभएको छ ।

यसअघि पनि सापकोटाले विभिन्न प्राकृतिक विपत्ति तथा मानवीय सङ्कटका समयमा सहयोग गर्दै आउनुभएको छ । कोरोना महामारीका समयमा उहाँले राजधानी लिस्बनका करिब १० हजार जनालाई निःशुल्क खाना पनि खुवाउनुभएको थियो ।

## मृतक र बेपत्ता सशस्त्र प्रहरीका परिवारजनसँग महानिरीक्षक पौडेलको भेट



काठमाडौं । सशस्त्र प्रहरी महा निरीक्षक नारायणदत्त पौडेलले कर्तव्य निर्वाहको सिलसिलामा भोटेकोशी बाढीमा परी मृत्युवरण गर्नुभएका सशस्त्र प्रहरी जवान साजन कुँवरप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।

महानिरीक्षक पौडेलले नुवाकोटको लिखु गाउँपालिका-१ बरफेदीस्थित कुँवरको निवासमा परिवारजनसँग भेटगरी समवेदना प्रकट गर्नुभएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

महानिरीक्षक पौडेलले बाढीमा परी बेपत्ता सशस्त्र प्रहरी सहायक हवल्दार आशिष पौडेलका परिवारजनसँग पनि भेटगरी सहानुभूति व्यक्त गर्नुभयो । आशिष लगायत बेपत्ता सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीको खोज तथा उद्धारमा लागिरहेको स्पष्ट पार्नुभयो । रसुवा बाढीमा परी सशस्त्र प्रहरी बलका १३ जना सम्पर्कविहीन भएका थिए ।

## संसदीय समितिद्वारा सुरुङमा फसेकाको उद्धारमा प्राथमिकता दिन निर्देशन

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले भोटेकोशी बाढीबाट जलविद्युत् आयोजनाका सुरुङ तथा अन्य स्थानमा फसेका को तत्काल खोज, उद्धार तथा सुरक्षित स्थानान्तरणलाई उच्च प्राथमिकता दिन सरकारलाई निर्देशन दिएको छ ।

समितिको बिहीबारको बैठकले नेपाल सरकार र स्थानीय तहको समन्वयमा उद्धारलाई तीव्र बनाउन निर्देशन दिएको हो । समितिले बाढीबाट अवरुद्ध सडक सञ्जाल तत्काल पुनःसञ्चालन र क्षतिग्रस्त सडक तथा पुलको शीघ्र मर्मत अघि बढाउनसमेत निर्देशन दिएको छ । समितिका सभापति आशिष गजुरेलले पुल तथा सडकलगायत स्थायी संरचना निर्माणमा समय लाग्ने भएमा वैकल्पिक मार्ग तथा अस्थायी पुलको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराइएको जानकारी दिनुभयो । उहाँले बाढीबाट अवरुद्ध विद्युत् लाइन तथा संरचनाको तत्काल मर्मत गरी विद्युत् सेवा यथाशीघ्र सञ्चालनमा ल्याउन सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने निर्णय भएको बताउनुभयो । बैठकले विपद्बाट क्षतिग्रस्त सडक, पुल, विद्युत्, जलविद्युत् तथा अन्य अत्यावश्यक पूर्वाधारको शीघ्र पुनर्निर्माण तथा पुनःस्थापनाका लागि निजी क्षेत्र, विकास साझेदार तथा अन्तरराष्ट्रिय सङ्घसंस्थाबाट आर्थिक र प्राविधिक सहयोग परिचालन गर्न सरोकारवाला निकाय लाई निर्देशन दिएको छ । समितिले दातृ निकायबाट प्राप्त सहयोगलाई एकीकृत र पारदर्शी रूपमा परिचालन गर्दै सुरक्षित, दिगो तथा विपद्-प्रतिरोधी पूर्वाधार निर्माणलाई प्राथमिकता दिन सरकारलाई निर्देश गरेको छ ।

बैठकले जलवायुजन्य विपद्को जोखिम न्यूनीकरणका लागि पूर्वसूचना तथा पूर्वचेतावनी प्रणालीलाई आधुनिक प्रविधिसहित थप सुदृढ र स्थानीय तहसम्म क्रियाशील बनाउन अनुरोध गर्ने निर्णय गरेको छ ।

सम्पादकीय ....

## विपद्बारे सम्बेदनशील बन्नुपर्ने

बाढीपहिरो, भूकम्प, हिमताल विस्फोट, डढेलो, सुख्खा तथा अन्य प्राकृतिक विपतका घटनाले हरेक वर्ष ठूलो मानवीय, आर्थिक र सामाजिक क्षति पुऱ्याउँदै आएको छ । पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण मौसमजन्य जोखिमको प्रकृति, आवृत्ति र तीव्रता अझ जटिल बन्दै गएको छ । विपतले समाजका सबै वर्गलाई उत्तिकै प्रभावित गर्छ तर विपतको प्रभाव सबैमाथि समान हुँदैन । बालबालिका, किशोरी, महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक जस्ता संवेदनशील समूहले विपतको समयमा तुलनात्मक रूपमा बढी जोखिम र क्षति बेहोर्नु परेको हुन्छ ।

शारीरिक क्षमता, उमेर, स्वास्थ्य अवस्था, सामाजिक तथा आर्थिक निर्भरता, सूचनामा पहुँच र सुरक्षित स्थानमा तत्काल पुग्न सक्ने क्षमताका कारण उनीहरूको जोखिम अझ बढ्छ । त्यसैले विपत् व्यवस्थापनमा एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ– "विपत्को समयमा प्राथमिकता कसलाई दिने ?" यसको जवाफ केवल उमेर वा लिङ्गका आधारमा होइन, जोखिम, आवश्यकता र तत्काल सुरक्षित हुन सक्ने क्षमताका आधारमा तय हुनु पर्छ । यसले आफैँलाई तत्काल सुरक्षित स्थानमा लैजान सक्दैन, जसको जीवन वा स्वास्थ्यमा तत्काल गम्भीर जोखिम छ, त्यस्ता व्यक्तिलाई उद्धार र संरक्षणमा विशेष प्राथमिकता दिनु पर्छ । विशेष गरी जलवायु परिवर्तनका कारण बढ्दै गएको विपत् जोखिमलाई ध्यानमा राख्दै संवेदनशील समूहकेन्द्रित विपत् व्यवस्थापन आजको आवश्यकता हो ।

बालबालिका र किशोरी विपत्का समयमा सबैभन्दा बढी संवेदनशील समूहमा पर्छन् । उनीहरूमा जोखिम पहिचान गर्ने, निर्णय लिने र आफैं सुरक्षित स्थानमा पुग्ने क्षमता उमेर अनुसार सीमित हुन सक्छ । अभिभावकबाट छुट्टिने, घर तथा विद्यालय गुमाउने वा अपरिचित वातावरणमा बस्नुपर्ने अवस्थाले उनीहरूको जोखिम अझ बढाउँछ । खुला ठाउँ वा अस्थायी राहत शिविरमा बस्नुपर्ने अवस्था आउँदा बालबालिका तथा किशोरी यौन हिंसा, दुर्व्यवहार, शोषण तथा मानव बेचबिखनको जोखिममा पर्न सक्छन् । परिवारबाट छुट्नु, अभिभावक गुमाउनु, पहिचानसम्बन्धी विवरण हराउनु तथा अपरिचित व्यक्तिसँग निर्भर हुनुपर्ने, अवस्था जोखिम बढाउने प्रमुख कारण हुन् । त्यसैले राहत शिविरमा बालबालिकाको सुरक्षा केवल परिवारको जिम्मेवारी नभई राज्य, स्थानीय तह, सुरक्षा निकाय र समुदायको साझा दायित्व बन्नु पर्छ ।

विपतको समयमा खानेपानी, सुरक्षित शौचालय, सरसफाइ तथा गोपनीयताको अभावले महिनावारी सुरु भइसकेका किशोरीलाई थप कठिनाइ हुन्छ । प्याड, सफा पानी, साबुन, अन्डरगार्मेन्ट तथा सुरक्षित र गोपनीय शौचालयको अभावले स्वास्थ्य समस्या मात्र होइन, लज्जा, तनाव र सामाजिक असहजता पनि उत्पन्न गर्न सक्छ । त्यसैले राहत सामग्रीको योजना बनाउँदा खाद्यान्न र औषधीसँगै महिनावारी स्वच्छता तथा व्यक्तिगत सरसफाइका सामग्रीलाई पनि अत्यावश्यक राहत सामग्रीका रूपमा समावेश गर्नु पर्छ ।

लामो समयसम्म शिक्षा रोकिने अवस्था आएमा विशेष गरी किशोरी विद्यालय छाड्ने, बालश्रममा जाने वा बालविवाहको जोखिममा पर्ने सम्भावना बढ्न सक्छ ।

## आफैं बाँच्ने आशा मारिसकेका राजेन्द्रले बचाए सात जनाको ज्यान

"बाढी आइरहेको छ, हेर त ।" रातभरको काम सकेर कोठामा फर्किनुभएका राजेन्द्र थापा मगरलाई एक साथीले बाहिरबाट बोलाए । बाहिर निस्केर हेर्दा आफूहरू बसेको स्थानभन्दा करिब ८० मिटर तल रहेको खोला अस्वाभाविक रूपमा उर्लिरहेको थियो ।

रसुवामा साढे दुई वर्षदेखि काम गर्दै आउनुभएका राजेन्द्रलाई त्यहाँको खोलाको सामान्य अवस्था थाहा थियो । त्यस बिहान भने अवस्था फरक देखियो । रातिको काम बिहान ६:०० बजे सकेर कोठामा फर्किनुभएका उहाँले हातमुख धोएर खाजा खानुभएको थियो । केहीबेर आराम गर्दै गर्दा साथीले बाढी आएको खबर गरेका थिए ।

खोलाको अवस्था देखेपछि उहाँ हतारिँदै कोठामा फर्किनुभयो । रातिको 'ड्युटी' सकेर सुतेका सालो नवीन स्याङ्तान र अर्का साथीलाई उठाउनुभयो । तीनै जना सुरक्षित स्थानतर्फ भाग्न थाले तर केही क्षणमै भाग्ने बाटो पनि बाढीले छेक्यो । "बाटोतिर भाग्न खोज्दा त्यतैबाट बाढी आयो । बम पड्किएजस्तो आवाज थियो, ठूला-ठूला ढुङ्गा आइरहेका थिए", त्यो क्षण सम्झँदै राजेन्द्रले भन्नुभयो, "हामी बसेको कोठाबाट निस्किएर भाग्दा-भाग्दै कोठा नै गइसक्यो । त्यहाँ सुतेका मान्छे उठ्नै पाएनन् ।" भाग्ने बाटो बन्द भएपछि राजेन्द्रसहितका कामदार नजिकै चिनियाँ कामदार बस्ने मेसतर्फ पुगे । त्यहाँबाट पनि माथि उक्लने सहज बाटो थिएन । बाढीले संरचना भत्काइरहेको थियो । तल राखिएका सिलिन्डरलगायत सामग्री बगि रहेका थिए । चारैतिर भागदौड र चिच्याहट थियो ।

त्यस क्षण आफू बाँच्ने आशा पनि मारिसकेको राजेन्द्र सुनाउनुहुन्छ । "अब बाँचे बाँच्छौं, मरे मर्छौं भन्ने भइसकेको थियो । भाग्ने ठाउँ थिएन", उहाँले भन्नुभयो । त्यही निराशाबीच उहाँले बाहिर निस्कने उपाय खोज्नुभयो । एउटा ढोका फोरेर झ्यालबाट निस्किएपछि पर्खाल चढेर माथि पुग्नुभयो । आफू माथि पुगेपछि उहाँले तल फसेका साथीलाई एकपछि अर्को गर्दै माथि तान्न थाल्नुभयो । सुरुमा एक चिनियाँ कामदारलाई निकाल्ने प्रयास गर्नुभयो । तर सफल हुन् सकेन । त्यसपछि साथी सुजन गोलेसहित अरूलाई तान्नुभयो । अन्तिमतिर आफ्नै सालो नवीन आत्तिएर माथि आउन सकिरहेका थिएनन् । "मैले बोलाएको बोलायै गरें । बल्ल ऊ आयो र उसलाई पनि तानें", राजेन्द्रले भन्नुभयो, "त्यसरी सात जनालाई माथि तानेर बचाउन सकें ।"

सो क्रममा हेटौंडा उप-महानगर पालिका-१५ का नवीन कामका लागि रसुवा पुगेको १२ दिन मात्रै भएको थियो । पहिलोपटक कामका लागि त्यहाँ पुग्नुभएका उहाँ पनि रातिको ड्युटी सकेर कोठामा सुतिरहनुभएको थियो । "म सुतिरहेको थिएँ । भिनाजुले उठाएर लैजानुभयो । उहाँले तानेर नै म बाँच्न सफल भएँ", नवीनले भन्नुभयो, "धेरै साथी आँखा अगाडि नै बाढीमा परे, हामी चाहीं बाँच्यौं ।" बाढीबाट तत्काल ज्यान जोगाएर माथिल्लो सुरक्षित स्थानमा पुगेपछि राजेन्द्रले घरमा फोन गर्नुभयो । मोबाइलमा पर्याप्त चार्ज थिएन । परिवारसँग लामो कुराकानी गर्ने अवस्था पनि थिएन । आफू बाँचेको र चिन्ता नगर्न परिवारलाई जानकारी गराएपछि उहाँको मोबाइल बन्द भयो ।

राजेन्द्रकी श्रीमती करिश्मा सिंह तामाङका अनुसार बाढी आएपछि श्रीमान्सँग केही मिनेट कुराकानी भएको थियो । त्यसपछि सम्पर्क टुट्यो । "सम्पर्क गर्न धेरै प्रयास गऱ्यौं तर फोन लागेन", उहाँले भन्नुभयो, "उहाँले 'म सुरक्षित छु, चिन्ता नगर' भन्नु भएको थियो ।"

त्यही कुराले उहाँ फर्केर आउनुहुन्छ भन्ने आशा थियो ।" करिश्माका लागि चिन्ता श्रीमान्को मात्रै थिएन । बाढी प्रभावित क्षेत्रमा उहाँका भाइ नवीन पनि थिए । श्रीमान् र भाइ दुवैको अवस्था बुझ्न नपाउँदा परिवारका सदस्यको चिन्ता दिन बित्दै जाँदा बढिरहेको थियो ।

राजेन्द्र र नवीन भने बाढीबाट जोगिएपछि अन्य कामदार सँगै माथिल्लो क्षेत्रतर्फ लागेका थिए । तत्काल बाहिर निस्कने अवस्था नभएपछि उनीहरूले स्थानीय विद्यालयमा आश्रय लिए । राजेन्द्रका अनुसार पाँच दिनसम्म त्यहीं बसेर छैटौं दिनमा उद्धार गरिएको थियो । त्यो अवधिमा सहज खाना र बसोबासको व्यवस्था थिएन । बिस्कुट, चाउचाउलगायत उपलब्ध खानेकुराको भरमा दिन बिताउनु परेको उहाँले सुनाउनुभयो । बाढीमा सहकर्मी गुमाएको पीडा र आफू कहिले घर पुग्ने भन्ने अनिश्चितता बीच उनीहरू उद्धारको प्रतीक्षामा थिए ।

हेटौंडामा परिवार भने उनीहरूको अवस्थाबारे थप जानकारी खोजिरहेको थियो । हेटौंडा उपमहानगरपालिका-१५ का वडाध्यक्ष सुनिल मोक्तानका अनुसार राजेन्द्र र नवीनको अवस्था पत्ता लगाउन विभिन्न निकायसँग समन्वय गरिएको थियो । गृह मन्त्रालय र मुख्यमन्त्रीको सचिवालय देखि जिल्ला प्रशासन सम्म समन्वय गरेर उनीहरू सुरक्षित रहेको प्रमाण खोजिएको उहाँले बताउनुभयो । त्यसक्रममा सुरक्षित स्थानमा बसेका व्यक्तिहरूको एउटा भिडियो प्राप्त भयो । मोक्तानले उक्त भिडियो परिवारलाई पठाउनुभयो । उक्त भिडियोमा आफ्ना मान्छे छन् कि छैनन् भनेर हेर्न आग्रह गरेपछि परिवारले नवीनलाई चिन्यो । "भिडियोमा आफ्नो मान्छे देखिएपछि मात्रै हामी ढुक्क भयौं", वडाध्यक्ष मोक्तानले भन्नुभयो ।

त्यसपछि पनि उनीहरूलाई सुरक्षित रूपमा फर्काउन विभिन्न निकायसँग समन्वय जारी राखिएको उहाँले बताउनुभयो ।

अन्ततः नेपाली सेनाको हेलिकप्टरमार्फत उनीहरू को उद्धार भयो । राजेन्द्रका अनुसार हेलिकप्टर ले उनीहरूलाई धुन्चेसम्म ल्याएको थियो । त्यसपछि सवारी साधन



वसन्त भण्डारी

मार्फत काठमाडौं हुँदै उनीहरू हेटौंडा फर्किएका हुन् । धेरै दिनको प्रतीक्षापछि राजेन्द्र र नवीन सकुशल हेटौंडा फर्किए । राजेन्द्रकी सासूआमाले बाढी र त्यसपछिको अवस्था आफूलाई अझै सपना जस्तो लाग्ने बताउनुभयो । "धन्न जोगिएर आउनुभयो । अरूलाई पनि जोगाउनु भएछ", उहाँले भन्नुभयो ।

वडाध्यक्ष मोक्तानका अनुसार बाढीमा वडाका दुई जनाको मृत्यु भइसकेको छ भने हिरा स्याङ्तान अझै सम्पर्कविहीन छन् । "देश नै रोइरहेको बेला खुसी छौं भन्न त नमिल्ला", उहाँले भन्नुभयो, "तर हाम्रा दुई भाइ जीवित भएर फर्किनुभएको छ, त्यसमा हामीलाई राहत महसुस भएको छ ।" वडाले राजेन्द्र र नवीनको स्वास्थ्य उपचार तथा बाढीमा हराएका नागरिकता लगायत आवश्यक कागजात पुनः बनाउन सहयोग गर्ने मोक्तानले बताउनुभयो ।

रोजगारीले राजेन्द्रलाई साढे दुई वर्षदेखि रसुवामा राखेको थियो । नवीन भने काम थालेको १२ दिनमै विपत्तिमा पर्नुभयो । बाढीले उनीहरूका लत्ताकपडा र कागजात बगायो, सँगै काम गरेका धेरै साथी छुटे । पाँच दिन विद्यालयमा उद्धारको प्रतीक्षा गरेर छैटौं दिन बाहिरिएका राजेन्द्र र नवीन अहिले परिवारसँग छन् ।

बाढी आएको त्यो बिहान आफू बाँच्ने आशासमेत मारिसकेका राजेन्द्र घर फर्किँदा भने एक्लै बाँचेको अनुभव लिएर फर्किनुभएन । आफू सुरक्षित स्थानमा पुगेर पनि फर्कीफर्की अरूलाई तानेका उहाँले आफ्नै भनाइमा सात जनाको ज्यान जोगाउनुभयो ।

## स्याउखेतीमा कर्मको छलाङ

मुस्ताङ । व्यावसायिक स्याउखेती गरिरहनुभएका यहाँका किसान कर्म गुरुङले जिल्लाकै नमुना स्याउ किसानको परिचय बनाउनुभएको छ । आधा शताब्दीदेखि स्याउखेतीमा सक्रिय रहेका घरपफोड-५ का गुरुङ पछिल्लो साढे दुई दशकदेखि व्यावसायिक स्याउखेतीमा सक्रिय हुनुहुन्छ ।

स्याउखेतीमा उहाँका परिवारको तीन पुस्ताको इतिहास छ । सानैदेखि बाबुबाजेसँगै स्याउखेतीमा संलग्न गुरुङ मुस्ताङ मा किसानका रुपमा स्थापित हुनुहुन्छ । उहाँको लोभ लाग्दा स्याउ बगैंचाले कर्म गरे यही सुन फल्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ । स्याउ किसान गुरुङको मेहनत, परिश्रम र दृढ इच्छा शक्तिले कुनै पनि व्यक्तिले चाहेका खण्डमा के सम्भव छैन भन्ने पाठ सिकाएको छ । यतिबेला गुरुङका बगैंचामा स्थानीय र हाइब्रिड जातका स्याउ बोटमा लटरम्म राताम्मे स्याउ फलेका छन् ।

किसानले गुरुङले सदियौं देखि परम्परागत स्याउ खेतीलाई निरन्तरता दिँदै पछिल्ला दशकदेखि व्यावसायिक रुपमा छिटो उत्पादन दिने उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउखेतीतर्फ लागि पर्नुभएको छ । उहाँले मुस्ताङको ढुम्बा, सम्ले, सिन्तामणि रिसोर्टलगायत विभिन्न स्थानमा निजी, अन्य व्यक्ति तथा समुदायको जग्गा भाडामा लिएर व्यावसायिक स्याउखेती गरिरहनु भएको छ । अहिले करिब ७०० रोपनी क्षेत्रफलमा कर्मशील कृषक गुरुङले बगैंचा विस्तार गर्नुभएको छ । उहाँले आफ्नो र भाडामा लिएको जग्गामा पाँच हजार बढी स्थानीय जातका लोकल स्याउका बोट र ५७ हजार बढी हाइब्रिड जातका छिटो उत्पादन दिने स्याउका बिरुवा विस्तार गरिसक्नुभएको छ । स्याउखेतीमा योजनाबद्ध रुपमा समर्पित हुनसकेमा लक्ष्यप्राप्ति गर्न कुनै समस्या नहुने जनाउँदै किसान गुरुङले स्याउ खेतीका लागि १० वटा जर्सी गाई, ६०० च्याङ्ग्रा र २५ वटा मौरीको घार व्यवस्थापन गर्नुभएको छ ।

स्याउखेतीलाई अर्गानिक उत्पादन दिलाउन उहाँले पर्याप्त मात्रामा पशुचौपाया र मौरीको घार विस्तार गर्नुभएको हो । गुरुङले मुस्ताङको विश्वमै चर्चामा रहेको सिन्तामणि रिसोर्ट नजिकै रहेको ७० रोपनी जग्गामा करिब १३ हजार बढी हाइब्रिड स्याउका बिरुवा रोप्नुभएको छ । किसानकर्मको चिम्ले अचार्ड कृषि स्याउ फार्म मुख्य ब्राण्ड बनिसकेको छ । गत वर्ष स्थानीय र हाइब्रिड स्याउ गरी आफूले ४०० मेट्रिकटन स्याउ उत्पादन गरी करिब रु १२ करोड बराबरको आर्थिक कारोबार गरेको उहाँ बताउनुहुन्छ । यस वर्ष किसान गुरुङले ७०० मेट्रिकटन स्याउ उत्पादन गर्ने लक्ष्य राख्नुभएको छ । यस वर्ष स्याउको परागसेचन हुने समयमा मौसम अनुकूल भएकाले स्याउ उत्पादन निकै राम्रो देखिएको किसान गुरुङ बताउनुहुन्छ । यस वर्ष उत्पादन हुने स्याउबाट करिब रु १७ करोडदेखि २० करोडसम्मको आर्थिक कारोबार हुने किसान गुरुङको प्रारम्भिक प्रक्षेपण छ । विगतका वर्षमा सडक सहज नहुँदा बजारीकरणका लागि निकै समस्या र चुनौती हुने गरेकामा पछिल्लो समय यातायातको सहज पहुँचपछि स्याउ ढुवानी गर्न समस्या नभएको उहाँ बताउनुहुन्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८१११२०८५०
Email : pratyushdainik@gmail.com

# गाईका डाक्टर ललित

तुलसीपुर । ललितजङ्ग शाह व्यापारी हुन् । उहाँलाई दाङवासीहरु गाईका डाक्टर पनि भन्छन् । गाई नेपालको राष्ट्रिय जनावर हो ।

उहाँले बाटोघाटोमा बिरामी गाई देखे भने पहिले घरेलु उपचार गर्छन्, निको भएन भने पशु चिकित्सकलाई बोलाएर उपचार गर्छन् । निको भएपछि गाईपालक किसानलाई जिम्मा लगाउनु हुन्छ । बिरामी गाईलाई उपचार गरी निको पार्ने काम गरेकाले नै होला सायद उहाँलाई स्थानीयले गाईका डाक्टर भनेका ।

तुलसीपुर उपमहानगर पालिका-५ निवासी हुन् ललितजङ्ग शाह । उहाँ नौ वर्षदेखि बिरामी गाईको उपचारमा सक्रिय हुनुहुन्छ । गाई घरपालुवा गुनिलो जनावर हो । आजकाल गाईले दूध दिन छोडेपछि सडकमा छाडा छोड्ने गरिएको छ । हो, तिनै सडकमा छोडिएका बिरामी गाईको उपचारमा उहाँ सक्रिय हुनुहुन्छ । खुला सडकमा घाइते भएका गाईलाई उपचार गर्ने उहाँको पहिलो काम हो । घाइते गाईलाई सुरक्षित स्थानमा राख्ने, सफा पानी दिने, घाउ सफा गरिदिने, घाँस, पराल दिने, बिरामी गाईलाई मलम लगाइदिने, कपडाले बेरिदिने कामदेखेर म साह्रै प्रभावित छु भन्नुहुन्छ, स्थानीय चक्रकाजी श्रेष्ठ ।

नेपालका सहरी तथा ग्रामीण क्षेत्रमा छाडा चौपाय (विशेषगरी गाईगोरु छोड्ने चलन एउटा ठूलो सामाजिक समस्याका रुपमा देखापरेको छ । गाई लैनो हुदाँको अवस्थामा दूध खाने र थाकेपछि छाडा छोडिदिने प्रवृत्तिले सडकमा गाई बिरामी हुने गरेका हुन् । गाईपालक किसानका लागि थारो गाई घाँडो बन्ने गरेको छ । गाई जानजान मार्न पाइँदैन, कानुन लाग्छ । ठाउँठाउँमा गौशाला सञ्चालनमा छन् । बूढा तथा थारो गाईपालन गर्न । छाडा छोडिएका घाइते तथा रोगी गाईले सडकमा फोहर खानेकुरा खान्छन्, प्लाष्टिक तथा प्लाष्टिकजन्य खानाबाट बिरामी भएका गाईको उपचारमा संलग्न शाहको रचनात्मक कामबाट दाङवासी प्रेरित छन् भन्नुहुन्छ, स्थानीय हरेराम चौधरी । नौ वर्षअघि शाहले तुलसीपुरको राप्ती सडकमा खानेकुरा खान नपाएको गाई र त्यसको बाच्छालाई घरमा ल्याउनु भयो र उपचार गर्नुभयो । तीन/चार महिनासम्म उपचार र रेखदेख गरेपछि गाई तन्दुरुस्त भयो, अनि गाईपालन गर्ने व्यक्तिलाई दिनुभयो । गएको वर्ष साउनमा उहाँले दाङको बिजौरीबाट ठूलो चोट लागेर मरणासन्न अवस्थामा पुगेको एउटा गाईको बाच्छो उद्धार गर्नुभयो । तीन महिनासम्म लगातार उपचार गरेर निको बनाएपछि उहाँले फूलबारीमा रहेको पशुपति गौशालालाई त्यो बाच्छो हस्तान्तरण गर्नुभयो ।

चालु वर्षको वैशाखमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत बाँके राष्ट्रिय निकुन्ज क्षेत्रमा गम्भीर घाइते गाईलाई उद्धार गरेर ल्याउनुभयो । उहाँले १३ दिनसम्म रातदिन बचाउने अथक प्रयास गरे पनि अन्ततः उक्त गाईलाई बचाउन सक्नुभएन । गाई बचाउन नसकेकामा उहाँलाई खेद छ । केही दिनअघि मात्रै तुलसीपुरको लक्ष्मीनारायण मन्दिर नजिकै एउटा गाई मरणासन्न अवस्थामा लडिरहेको खबर पाएपछि त्यहाँ पुग्नुभयो । त्यहाँ पुग्दा गाईको शरीरमा ठूलो घाउ थियो ।

ललितले तत्कालै उद्धार सामग्रीसहित गाईलाई आफ्नो घरमा ल्याउनुभयो । सुरुका दुई/तीन दिन गाईले केही खानसक्ने अवस्था थिएन । पशु चिकित्सकलाई घरमै बोलाएर उहाँले एन्टिबायोटिक र नसाको उपचार गराउनुभयो । पाँच हप्तापछि गाई निको भयो । उहाँ खुसीले दङ्ग पर्नुभयो । ललितले विगत नौ वर्षदेखि यसरी नै बेवारिसे अवस्थाका घाइते गाईहरुको उद्धार गरेर उपचार गर्दै आउनुभएको छ । उहाँले मानिसलाई जस्तै जनावरलाई पनि दुखाई हुने भन्दै यसरी बेवारिसे र घाइते अवस्थाका गाईलाई उद्धार गरेर उपचार गर्ने गरेको बताउनुभयो ।

# डिएनए परीक्षणको आशमा आफन्त

नारायणगढ । रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन भएका आफ्ना सन्तान र आफन्तको खोजतलास मा रहेका परिवार अहिले डिएनए परीक्षणमार्फत भए पनि पहिचान हुने आशमा छन् ।

चितवनको भरतपुर महानगरपालिका-१० स्थित चितवन उद्योग सङ्घको परिसरमा मङ्गलबारदेखि बाढीमा हराइरहेका व्यक्तिका आफन्तहरूको डिएनए नमुना (रगत) सङ्कलन भइरहेको छ । जिल्ला प्रहरी कार्यालय चितवन, बागमती प्रदेश जन-स्वास्थ्य प्रयोगशाला भक्तपुर (सेवा इकाइ चितवन) र जनस्वास्थ्य कार्यालय चितवनको संयुक्त आयोजनामा हराएका आफन्तबाट रगतको नमुना सङ्कलन भइरहेको छ । बारा कलैयाका भगवान शर्मा भोटेकोशीको बाढीपछि छोरा हराएपछि सम्भावित स्थानमा खोजी गर्दै भौँतारिनुभयो । छोराको कुनै पत्तो नपाएपछि डिएनए परीक्षण गराएमा पहिचान हुनसक्छ भन्ने थाहा पाएर उहाँ नागरिकताको फोटोकपी र आफ्नो फोटोसहित चितवन आइपुग्नुभएको छ । डिएनए नमुना दिए पनि उहाँको मन अझै ढुक्क हुन सकेको छैन । यदि शव नै रहेछ भने पनि पहिचान त होला भनेर उहाँले डिएनए नमुना त दिनुभयो, तर उहाँको मनमा अझै पनि छोरा जीवितै भेटिने आश बाँकी नै छ । बर्दियाका रामबहादुर थारू पनि हराइरहेका छोराको खोजीमा ११ गतेदेखि नै चितवनमा हुनुहुन्छ । आफ्ना छोरासहित १६ जना साथीहरू बाढीमा हराएको बताउने थारूले धेरै शव हेरे पनि छोरालाई भेट्टाउन सक्नुभएन । "सासको आश मरे पनि लास भए पनि भेटिन्छ कि भनेर डिएनए 'म्याचिङ'का लागि रगत दिएको हुँ ।" उहाँले आफ्नो पीडा पोख्नुभयो ।

# भोटेकोशी बाढी र उद्धार प्रयासबारे कूटनीतिक समुदायलाई परराष्ट्रमन्त्री खनालको ब्रिफिङ

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालले काठमाडौंस्थित कूटनीतिक समुदायलाई भोटेकोशी बाढी घटनाबारे 'ब्रिफिङ' गर्नुभएको छ । परराष्ट्र मन्त्रालयमा बिहीबार आयोजित कूटनीतिक ब्रिफिङमा विभिन्न मुलुकका राजदूत, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, विश्व बैङ्क र एसियाली विकास बैङ्क एवं संयुक्त राष्ट्रसङ्घ लगायत अन्त-राष्ट्रिय संस्थाका प्रतिनिधिहरू उपस्थित हुनुहुन्थ्यो ।

मन्त्री खनालले रसुवागढी स्थित भोटेकोशी नदीमा गत भदौ १० गते आएको विनाशकारी बाढीले निम्त्याएको विपद्को पछिल्लो अवस्था, सरकारको खोज तथा उद्धार प्रयास, विदेशी नागरिकको अवस्था तथा अन्तरराष्ट्रिय सहयोग बारे जानकारी दिनुभयो । उहाँले सरकारको प्राथमिकता प्रभावित नागरिकको जीवनरक्षा, खोज तथा उद्धार र विदेशी नागरिकको सुरक्षा रहेको बताउनुभयो । मन्त्री खनालले भदौ १० गते बिहान नेपाल-चीन सीमास्थित रसुवागढी मा भोटेकोशी नदीमा आएको बाढीले केही मिनेटमा नै ठूलो परिमाणमा पानी, माटो तथा गेग्रान बगाएर तल्लो क्षेत्रमा ठूलो क्षति पुऱ्याएको बताउनुभयो । "यो विनाशकारी बाढीलाई म 'हिमालयन सुनामी' भन्न रुचाउँछु, किनकि हालसालैको स्मृतिमा हामीले यस्तो अनुभव गरेका छैनौं," उहाँले भन्नुभयो । उहाँका अनुसार बाढी रसुवाबाट त्रिशूली हुँदै नारायणी नदी प्रणालीसम्म पुगेको थियो । यसबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनका विभिन्न क्षेत्रमा समुदाय तथा भौतिक पूर्वाधारमा गम्भीर असर परेको उहाँले जानकारी दिनुभयो । सरकारले विपद्को कारण र यसको विकासक्रम बारे अध्ययन गरिरहेको छ । मन्त्री खनालले यसका लागि सम्बन्धित प्राविधिक विज्ञको सहयोग पनि लिइरहेको बताउनुभयो । हालसम्मको स्मृतिमा यस्तो प्रकृतिको विपद्को अनुभव नभएको उल्लेख गर्दै मन्त्री खनालले भोटेकोशी बाढी सामान्य बाढी नभएको स्पष्ट पार्नुभयो । सरकारले विपद् भएको पहिलो दिनदेखि नै खोज, उद्धार, सुरक्षित स्थानान्तरण, उपचार तथा राहतका कामलाई प्राथमिकताका साथ अघि बढाएको मन्त्री खनालले बताउनुभयो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र मन्त्रिपरिषद्का आकस्मिक बैठक तत्काल बोलाएर उपलब्ध राष्ट्रिय स्रोतसाधन परिचालन गरिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसँगै सङ्घ, प्रदेश तथा स्थानीय तहका निकाय, स्वास्थ्यकर्मी, आपत्कालीन उद्धार कर्मी, स्वयंसेवक तथा स्थानीय समुदाय निरन्तर उद्धार तथा राहत कार्यमा खटिएका छन् । खोज, उद्धार तथा राहतका लागि २१ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको उहाँले जानकारी दिनुभयो । परराष्ट्रमन्त्री खनालले विदेशी नागरिकको सुरक्षा र कल्याण नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको स्पष्ट पार्नुभयो । उहाँका अनुसार परराष्ट्र मन्त्रालयले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल प्रहरी, नेपाल पर्यटन बोर्ड, विदेशस्थित नेपाली नियोग तथा बेपत्ता विदेशी नागरिकका परिवारसँग निरन्तर समन्वय गरिरहेको छ ।

परराष्ट्र मन्त्रालयमा स्थापना गरिएको आपत्कालीन नियन्त्रण कक्ष तथा विदेशस्थित नेपाली नियोगहरूले बेपत्ता विदेशी नागरिकका परिवारलाई प्रमाणित सूचना उपलब्ध गराउने, पहिचान प्रक्रियामा सहजीकरण गर्ने तथा आवश्यक परेको अवस्थामा स्वदेश फिर्तीको व्यवस्था गर्न सहयोग गरिरहेको उहाँले बताउनुभयो । कूटनीतिक नियोगका प्रतिनिधि हरूले आफ्ना नागरिक बेपत्ता भएको विवरण उपलब्ध गराएकामा धन्यवाद व्यक्त गर्दै मन्त्री खनालले त्यस्ता सूचनाले खोजी, प्रमाणी करण तथा पहिचान प्रक्रियामा महत्वपूर्ण सहयोग पुऱ्याउने बताउनुभयो । उहाँले विपद्को व्यापकता र जटिलतालाई ध्यानमा राख्दै नेपालले अन्तरराष्ट्रिय समुदायको ऐक्यबद्धता र सहयोग लाई महत्वपूर्ण रूपमा लिएको बताउनुभयो ।

उहाँले भारत, चीन, दक्षिण कोरिया, जापान, अमेरिका, संयुक्त अरब इमिरेट्स, कतार, सिङ्गापुर, अस्ट्रेलिया, बेलायत, जर्मनी, लाटि्भया, मलेसिया, म्यान्मा, भूटान, बङ्गलादेश, पाकिस्तान, नर्वे, इजरायल, क्यानडा, श्रीलङ्का, थाइल्यान्ड र न्युजिल्यान्ड लगायत देशप्रति धन्यवाद व्यक्त गर्नुभयो । त्यसैगरी, युरोपेली सङ्घ, एसियाली विकास बैङ्क, विश्व बैङ्क, संयुक्त राष्ट्रसङ्घलगायत अन्तराष्ट्रिय संस्था तथा मित्रराष्ट्रले उपलब्ध गराएको सहयोगप्रति पनि उहाँले आभार व्यक्त गर्नुभयो ।

अन्तराष्ट्रिय सहयोग उद्धार सम्बन्धी विशेषज्ञता, उपकरण, लजिस्टिक, चिकित्सा तथा फरेन्सिक सहयोग र आर्थिक सहायताका रूपमा प्राप्त भएको छ । "प्राप्त ऐक्यबद्धता र सहयोग विभिन्न स्वरूपमा आएको छ-उद्धार विशेषज्ञता, उपकरण, लजिस्टिक, स्वास्थ्य तथा फरेन्सिक सहयोग र आर्थिक सहायता । यी प्रत्येक सहयोगले प्रभावित क्षेत्रमा फरक पारिरहेको छ," मन्त्री खनालले भन्नुभयो । सरकारले प्रभावित समुदायको स्थानान्तरण, अत्य आवश्यक सेवा पुनःस्थापना तथा प्रभावित परिवारलाई सहायता उपलब्ध गराउन तत्काल कदम चालेको मन्त्री खनालले बताउनुभयो । प्रभावित स्थानीय तहलाई तीन महिनाका लागि विपद् प्रभावित क्षेत्र घोषणा गरिएको उहाँले जानकारी दिनुभयो ।

प्रधानमन्त्रीले प्रभावित क्षेत्रको स्थलगत भ्रमण गर्नुभएको र आफूले पनि केही प्रभावित क्षेत्रको निरीक्षण गरेको उल्लेख गर्दै मन्त्री खनालले स्थलगत अवस्थाको गम्भीरता प्रत्यक्ष अनुभव गरेको बताउनुभयो । "मैले प्रत्यक्ष रूपमा देखेको अवस्थाका आधारमा भन्नुपर्दा, मैदानमा रहेको वास्त-विकता तस्विरहरूले देखाउन सक्नेभन्दा धेरै गम्भीर छ । यो सामान्य बाढी होइन," उहाँले भन्नुभयो । बाढीबाट घर, सडक, पुल, जलविद्युत् तथा अन्य महत्त्वपूर्ण पूर्वाधारमा भएको क्षतिको प्रारम्भिक मूल्याङ्कन भइरहेको उहाँले जानकारी दिनुभयो । विपद्पछिको आवश्यकता मूल्याङ्कनमार्फत क्षतिको पूर्ण अवस्था तथा पुनःस्थापना र पुनर्निर्माणका लागि आवश्यक स्रोतको यकिन गरिने उहाँले बताउनुभयो । भोटेकोशी बाढीबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि ठूलो परिमाणमा स्रोत आवश्यक पर्ने प्रारम्भिक अनुमान रहेको मन्त्री खनालले बताउनुभयो । क्षतिको विस्तृत मूल्याङ्कनपछि पुनर्निर्माणका लागि आवश्यक स्रोतबारे अन्त-राष्ट्रिय साझेदारलाई आधिकारिक माध्यमबाट जानकारी गराइने र पुनःस्थापना तथा पुनर्निर्माणमा सहयोगका लागि आग्रह गरिने उहाँले बताउनुभयो । अन्तरराष्ट्रिय सहयोगलाई पारदर्शिता, जवाफ देहिता र स्पष्ट लक्षित क्षेत्रका आधारमा व्यवस्थापन गर्ने सरकार को प्रतिबद्धता रहेको उहाँले स्पष्ट पार्नुभयो । मौद्रिक सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमार्फत परिचालन भइरहेको जानकारी दिँदै मन्त्री खनालले विपद्का नाममा ठगी हुन सक्ने भएकाले नक्कली 'क्युआर कोड', 'लिङ्क' तथा खाताप्रति सचेत रहन सबैलाई आग्रह गर्नुभयो । मन्त्री खनालले भोटेकोशी विपद्लाई तत्कालीन मानवीय सङ्कटका रूपमा मात्रै नभई हिमालय क्षेत्रमा बढ्दो जलवायु जोखिमसँग जोडेर हेर्नुपर्ने बताउनुभयो । उहाँले यो विपद्ले हिमालय क्षेत्रको संवेदनशीलता, पर्वतीय मुलुकहरूको विशेष जोखिम तथा तीव्र रूपमा तातिँदै गएको जलवायुका कारण बढिरहेका असरलाई पुनः उजागर गरेको बताउनुभयो । "नेपालले विश्वव्यापी उत्सर्जनमा नगण्य योगदान गरेको भए पनि तातिँदो हिमालयका असरको असमान र ठूलो भार नेपाली जनताले बेहोर्नुपरिरहेको छ," मन्त्री खनालले भन्नुभयो । नेपालले लामो समयदेखि यस विषयमा अन्तरराष्ट्रिय ध्यानाकर्षण गराउँदै आएको उल्लेख गर्दै उहाँले पहिलो संस्करणको सगरमाथा संवाद तथा नेपालको अन्तरराष्ट्रिय जलवायु प्रतिबद्धतामार्फत हिमाली क्षेत्रका चुनौतीबारे विश्व समुदायको ध्यानाकर्षण गराउँदै आएको बताउनुभयो । जलवायु न्याय, प्रभावकारी पूर्वसूचना प्रणाली, विपद् पूर्वतयारी तथा विपद् प्रतिरोधी पुनर्निर्माण लाई कागजी प्रतिबद्धता बाट व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । यसै क्रममा नेपालले हानि तथा क्षति कोषको बोर्डका सहअध्यक्षहरूलाई तत्काल सहयोगका लागि पत्र पठाइसकेको जानकारी पनि उहाँले दिनुभयो । मन्त्री खनालले भोटेकोशी बाढीबाट भएको क्षति गम्भीर भए पनि यसको प्रभाव निश्चित भौगोलिक क्षेत्रमा मात्र सीमित रहेको स्पष्ट पार्नुभयो । विशेषगरी रसुवा, नुवाकोट र धादिङका केही क्षेत्रमा विपद्को ठूलो प्रभाव परेको भए पनि नेपालका बाँकी क्षेत्र सुरक्षित र पूर्ण रूपमा खुला रहेको उहाँले बताउनुभयो । देशभरका विमानस्थल सामान्य रूपमा सञ्चालनमा रहेको जानकारी दिँदै मन्त्री खनालले काठमाडौं, पोखरा, चितवन, लुम्बिनी, जनकपुर, अन्नपूर्ण क्षेत्र, सगरमाथा क्षेत्र र बर्दियालगायतका प्रमुख पर्यटकीय गन्तव्यहरू पर्यटक स्वागतका लागि खुला रहेको बताउनुभयो । उहाँले पर्यटन नेपाली जनता तथा स्थानीय समुदायका लागि महत्वपूर्ण जीवनरेखा भएकाले विपद्को यस कठिन समयमा पर्यटक आगमनलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । कूटनीतिक नियोगका प्रतिनिधि हरूलाई आफ्ना नागरिक तथा सरकारलाई नेपाल सुरक्षित रहेको सन्देश प्रवाह गर्न आग्रह गर्दै मन्त्री खनालले भन्नुभयो, ।

# नेपाली बक्सर घिमिरे फ्रान्सेली प्रतिद्वन्द्वी स्वीनार्डसँग भिड्ने

काठमाडौं । 'हिट किक बक्सिङ - ५९ अन्तरराष्ट्रिय प्रतियोगिता'मा नेपाली युवा बक्सर अविरल घिमिरे 'हिमालयन चितुवा' रिङमा उत्रने भएका छन् । जापानको करिया सहरमा यही भदौ २० गते सो अन्तराष्ट्रिय प्रतियोगिता आयोजना हुँदैछ । अन्तरराष्ट्रिय किक बक्सिङ एसोसिएसन (इस्का वोर्ल्ड मेन इभेन्ट)मा'हिमालयन चितुवा'ले फ्रान्सका प्रतिस्पर्धी बक्सर माथन स्वीनार्डसँग भीड्ने छन् ।

'हिमालयन चितुवा'ले हालसम्म हिट किक बक्सिङमा चारपटक टाइटल डिफेन्स गर्दै चारपटक हिट किक बक्सिङ टाइटल म्याच, अन्तरराष्ट्रिय किक बक्सिङ एसोसिएसन टाइटल र केवान क्रस १७५ र १८२ को दुईपटक टाइटल म्याच चुम्न सफल भइसकेका छन् । हालसम्म २८ वटाभन्दा बढी अन्तरराष्ट्रिय प्रतियोगितामा भाग लिएका उहाँ २० वटामा विजय हासिल गर्ने एकमात्र खेलाडी हुनुहुन्छ । नेपालको गौरव, अदम्य साहस र उचो शानलाई बक्सर खेलका चम्किला तारा घिमिरेले




अन्तराष्ट्रिय जगतमा स्थापित गर्नुभएको छ ।

# हेटौंडालाई साइकलको सहर बनाउने अभियानमा हिमालयन राइडर्स

बागमती । हिमालयन राइडर्स सोसाइटी, हेटौंडाले बागमती प्रदेशको राजधानी हेटौंडालाई साइकलको सहर (साइकल सिटी) का रूपमा विकास गर्ने लक्ष्य अनुरुप अभियान अघि बढाएको छ ।

विसं २०७८ देखि संस्थागत रूपमा स्थापना भएसँगै संस्थाकै पहल एवम् सरोकारवाला निकाय सँगको सहकार्यमा हेटौंडाको बुद्ध चोकबाट चारैतर्फको करिब एक/एक किलोमिटर दूरीमा साइकल ‘लेन’ बनिसकेको सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभयो। उहाँका अनुसार बुद्धचोकबाट कान्ति लोकपथ, कर्रा जाने मार्ग, चौकी टोल जाने मार्ग र राप्ती रोड जाने मार्गमा साइकल लेन बनिसकेको छ। आफूहरूले हेटौंडालाई साइकल सिटीका रूपमा विकास गर्नुपर्छ भन्ने लक्ष्यका साथ अभियानकै रूपमा पहल गरिररहेको बताउनुभयो ।

“यहाँ बन्ने सडक साइकल लेनसहितका हुनुपर्छ भन्ने तर्फ हामी सम्बद्ध निकायसँग पहल बढाएका छौं,” उहाँले भन्नुभयो, “साइकल लेन सहरको सौन्दर्यीकरणसँगै साइक्लिङ को आकर्षण अभिवृद्धिका लागि अपरिहार्य छ ।” स्वास्थ्य, पर्यटन र पर्यावरणमा जोड दिँदै हेटौंडासहित देशका विभिन्न गन्तव्यको प्रवर्द्धन गरिरहेको संस्थामा हाल १० देखि ७३ वर्ष उमेर समूहसम्मका साइकलयात्री गरी १६० जनाभन्दा बढी व्यक्ति साधारण एवम् आजीवन सदस्यका रूपमा आबद्ध रहनुभएको छ । उहाँका अनुसार पर्यावरणको रक्षाका लागि संस्थाकै पहलमा हेटौंडा र आसपासका विभिन्न गन्तव्यमा वृक्षरोपण गरिँदै आइएको छ । संस्थाले समाजिक उत्तरदायित्व अन्तर्गत समयसमयमा रक्तदान, आँखादान, निःशुल्क स्वास्थ्य परीक्षण जस्ता कार्यक्रम पनि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

# विपद्बारे कांग्रेसद्वारा जनप्रतिनिधिसँग छलफल

काठमाडौँ । नेपाली कांग्रेसले भोटेकोशी बाढीको विपद् सम्बन्धमा स्थानीय जनप्रतिनिधिहरूसँग छलफल गरेको छ ।

कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले बाढी प्रभावित क्षेत्रमा राहत एवं उद्धार केन्द्रीत रहेर स्थानीय जनप्रतिनिधिसँग बिहीबार छलफल गरेको हो ।

कांग्रेसका उपसभापति तथा प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले भोटेकोशीमा आएको विपत्तिलगत्तै राष्ट्रिय विपद्लाई एकताका साथ सामना गर्नुपर्छ भन्ने नीतिका साथ सरकारलाई सहयोग गरेको बताउनुभयो ।

उहाँले रसुवाका जलविद्युत् आयोजनाका सुरुङमा फसेकाहरूको व्यक्तिहरूको उद्धारका लागि सुरुआती चरणमा प्राविधिकको सहयोग नलिएका कारण उद्धार प्रभावकारी हुन नसकेको टिप्पणी गर्नुभयो ।

एउटालाई परेको विपत्तिमा अर्कोले सघाउने भावनाका साथ स्थानीय तहबीच समन्वय गरेर सहयोग गर्न पनि उहाँले जन प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो । छलफलमा रसुवा, नुवाकोट र धादिङका कांग्रेस जिल्ला पार्टी सभापतिहरूले पीडित र प्रभावित नागरिकले उद्धार र राहतका लागि सङ्घीय सरकारले स्थानीय सरकार र जनप्रतिनिधिसँग समन्वय गरी काम गर्नुपर्ने सुझाव दिनुभएको थियो । साथै उहाँहरूले राहत सामग्रीको प्रभावकारी वितरणका लागि एकद्वार प्रणाली स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने सुझाव दिनुभएको थियो ।

उक्त छलफलमा नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीम ढुङ्गाना, गाउँपालिका राष्ट्रिय महासङ्घका निवर्तमान महासचिव वंशलाल तामाङका साथै रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर र भक्तपुरका महानगर, नगर तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख र वडाध्यक्ष तथा पार्टी प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो ।

# दैनिक ८५ हजार लिटर वृद्धि गरी एक लाख ५० हजार लिटर दूध संकलन गर्ने डिडिसीको लक्ष्य

चितवन । दुग्ध किसानको बक्यौता भुक्तानी र उत्पादनको ठूलो मात्रा मौज्दातसहित वित्तीय सङ्कटबीच लामो समयदेखि गुज्रिरहेको दुग्ध विकास संस्थान (डिडिसी) ले दैनिक एक लाख ५० हजार लिटर दूध सङ्कलन गर्ने लक्ष्य लिएको छ ।

संस्थालने दूध लिएबापतको रकम किसानलाई नियमित रुपमा भुक्तानी दिने व्यवस्था सुनिश्चित गरी दुग्ध सङ्कलन तथा दुग्धजन्य पदार्थको बिक्री केन्द्र विस्तार गरेर दैनिक एक लाख ५० हजार लिटर सङ्कलन गर्ने महत्वाकाङ्क्षी लक्ष्य लिएको हो । किसानबाट दैनिक ६५ हजार लिटर दूध खरिद गर्दै आएको संस्थानले अब थप ८५ हजार लिटर वृद्धि गर्ने लक्ष्य लिएको बताएको छ । संस्थानका महाप्रबन्धक डा शरणकुमार पाण्डेले नियमित भुक्तानी व्यवस्थासहित दुग्ध किसानलाई विश्वासमा लिएर उत्पादन तथा बिक्रीवितरणका दृष्टिले उपयुक्त स्थानको पहिचान गरी देशव्यापी रुपमा सञ्जाल विस्तार गरी लक्ष्य हासिल गर्ने योजना रहेको बताउनुभयो ।

देशका प्रधानमन्त्रीसहित नेपाल सरकारबाट डिडिसीको बजार प्रवर्द्धनमा अमूल्य योगदान भएकामा गर्व गर्दै महाप्रबन्धक डा पाण्डेले भन्नुभयो, “सम्माननीय प्रधानमन्त्री ले खुलेरै डिडिसीको महत्वसहित प्रचार गर्नुभएको छ। यसबाट हामी थप उत्साहित भएका छौं। अहिले परिस्थिति अनुकूल भएकाले स्पष्ट लक्ष्य-योजनासहित परिणाम देखिनेगरी काम गर्नुपर्ने दायित्व थपिएको छ । सरकार र आम उपभोक्ताको अपेक्षाअनुसार गुणस्तरीय उत्पादनसहित डिडिसी लाई आर्थिक रुपले सबल बनाउनेछौं।” सहकारी संयन्त्रमार्फत सीमित स्थानमा मात्र दूध सङ्कलन हुँदै आएको र किसानले समयमै दूधको मूल्य नपाएको अवस्थालाई सम्बोधन गर्ने पक्षमा संस्थान रहेको स्पष्ट गर्दै पाण्डेले भन्नुभयो, “दूध उत्पादनका हिसाबले सम्भावना भएका स्थानमा आवश्यक पूर्वाधार को व्यवस्था गरी सङ्कलन केन्द्र विस्तार गर्नेछौं। यसअघिको बक्यौता छिट्टै फरफारक गरी नियमित रुपमा भुक्तानीको व्यवस्था सुनिश्चित गरी किसानको विश्वास जित्नेछौं । मात्रात्मक एवं गुणात्मक दृष्टिले दूधको सङ्कलन, उत्पादन तथा बिक्रीवितरणमा जोड दिई लक्ष्य पूरा गर्नेछौं।”संस्थाले किसानको बक्यौता घटाउनुका साथै दूध सङ्कलन तथा बिक्रीदर बढेको भन्दै पछिल्ला दिनमा दुग्धजन्य वस्तुको मौज्दात घटाएको र नयाँ बजारसहित निर्यातका सम्भावना खोज्न थालेको उहाँले बताउनुभयो। आफूले गत वैशाख १८ गते जिम्मेवारी सम्हाल्दा संस्थानसँग करिब ६०० टन धुलो दूध (मिल्क पाउडर), ५०० टन बटर र १० टन पनिर मौज्दात रहेको जानकारी दिँदै त्यसलाई बजारीकरण गरेर मौज्दात घटाइएको उहाँले बताउनुभयो। महाप्रबन्धक डा पाण्डेले भन्नुभयो, “चार महिनाअघि किसानलाई करिब रु ७२ करोड भुक्तानी दिन बाँकी थियो, डिडिसीका कुनै पनि उत्पादन अन्तरराष्ट्रिय बजारमा निर्यात हुने अवस्था थिएन। तर, अहिले बक्यौता रु २० करोडमा झरेको छ र उत्पादित वस्तु विदेशमा बिक्रीवितरण भइरहेको छ, यसबाट अपेक्षा गरिएअनुसारको परिणाम दिन सकिन्छ भन्ने विश्वास लिएको छु।”

यसैगरी, करिब ६०० धुलो दूधको मौज्दात घटेर करिब १२० टनमा झरेको, ५०० टन हाराहारीमा रहेको बटरको मौज्दात १२५ टन बाँकी रहेको र पछिल्लो तीन महिना १५ दिनभित्र संस्थानले करिब रु ७० करोड भुक्तानी गरिसकेको डा पाण्डेले जानकारी दिनुभयो । डिडिसीले नियमित रूपमा दूध खरिद गरिरहेकाले भुक्तानी बाँकी रहने रकमलाई क्रमशः व्यवस्थापन गर्दै लैजाने उहाँको भनाइ छ । आफू महाप्रबन्धक हुँदा आठ महिनाको भुक्तानी बाँकी रहेकामा अहिले दुई महिनाको मात्र बाँकी रहेको उहाँले जानकारी दिनुभयो ।

# नेप्से परिसूचक ४.६६ अंकले बढ्यो

काठमाडौँ। धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहिबार सामान्य अङ्कले बढेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ६६ अङ्कले बढेर दुई हजार ५४२ दशमलव ७७ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३१ अङ्कले बढेर ४४९ दशमलव ५० मा पुगेको छ। त्यस्तै, फ्लोट सूचक शून्य दशमलव १५ अङ्कले बढेर १७४ दशमलव ३५ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव १२ अङ्कले बढेर १५१ दशमलव ७३ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड २१ लाख ६३ हजार ७६३ कित्ता सेयर रु तीन अर्ब ४६ करोड ५२ लाख एक हजार ४२ मूल्यमा खरिद बिक्री भएको छ। बिहिबार १३ उपसमूहमध्ये नौ उपसमूह बढ्यो भने चार उपसमूह घटेको छ। बिहिबार १४५ कम्पनीको सेयर बढ्यो भने १२३ कम्पनीको सेयर घट्यो । त्यसैगरी, १० कम्पनीको सेयर स्थिर रह्यो। नेप्सेका अनुसार बिन नेपाल लघुवित्त वित्तीय संस्था, चिर्खवा हाइड्रोपावर कम्पनी, आशा लघुवित्त कम्पनीका लगानीकर्ताले कमाएका छन्। त्यसैगरी, बिहीबार पियोर इनर्जी, आत्मनिर्भर लघुवित्त कम्पनी रक सेन्ट्रल फाइनान्स कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

# भोटेकोशी बाढीः चार हजार २१६ अझै सम्पर्कविहीन

काठमाडौँ। रसुवास्थित भोटेकोशी नदीमा यही भदौ १० गते गएको विनाशकारी बाढीपछि अझै चार हजार २१६ जना सम्पर्कविहीन रहेका छन्। बाढीबाट ठूलो मानवीय तथा भौतिक क्षति भएपछि सुरक्षा निकायले खोज तथा उद्धार कार्यलाई तीव्र बनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बिहीबार सार्वजनिक गरेको विवरणअनुसार सम्पर्कविहीन हुनेमा नेपाली सेनाका ४५, नेपाल प्रहरीका २५ र सशस्त्र प्रहरी बल नेपालका १३ जना रहेका छन् ।

भन्सार कार्यालयका १४, अध्यागमन कार्यालयका तीन तथा रसुवाका करिब ८६५ जना सम्पर्कविहीन छन् ।

प्राधिकरणका अनुसार नुवाकोटका एक हजार ५५८, विदेशी नागरिक ५८३ तथा पर्यटकसँग गएका १६४ जना नेपाली पनि सम्पर्कविहीन छन् । जलविद्युत् आयोजनामा कार्यरत करिब ९००, लाङटाङ राष्ट्रिय निकुञ्जका तीन, क्वारेन्टिइन कार्यालयका तीन, जनप्रतिनिधि सात, स्थानीय तह तथा मातहतका कर्मचारी ३२ र निजी विद्यालयका एक शिक्षक सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ। प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार बाढी प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी २१ हजार ४०२ जना सुरक्षाकर्मी परिचालन गरिएको छ। खोज तथा उद्धारमा नेपाल प्रहरीका सात हजार ९१२, नेपाली सेनाका नौ हजार २८७ र सशस्त्र प्रहरी बल नेपालका चार हजार २०३ जना सुरक्षाकर्मी खटिएका छन् ।

पाँच हजारभन्दा बढीको उपचार

बाढीबाट प्रभावितमध्ये हालसम्म पाँच हजार १३५ जनाको उपचार गरिएको प्राधिकरणले जनाएको छ। विभिन्न अस्पतालमा ३०१, नेपाली सेनाबाट तीन हजार २०६ र सशस्त्र प्रहरी बल नेपालबाट एक हजार ६२८ जनाले स्वास्थ्य उपचार सेवा पाएका छन् ।

हाल तीन हजार ९४८ जना ‘होल्डिङ सेन्टर’मा राखिएको प्राधिकरणले जनाएको छ। बाढीमा परी हालसम्म मृत्यु हुनेको सङ्ख्या एक हजार २५२ पुगेको छ ।

प्राधिकरणका प्रवक्ता महतका अनुसार रसुवामा १२७, नुवाकोटमा १७७, धादिङमा ६०, गोरखामा ६९, नवलपरासी पूर्वमा २१८, नवलपरासी पश्चिममा २०८, तनहुँमा ३८ र चितवनमा ३५५ जनाको शव फेला परेको छ। दुर्गम तथा सडक सम्पर्क विच्छेद भएका क्षेत्रमा उद्धार तथा राहत सामग्री पुर्याउन नेपाली सेनाले हवाई उद्धारलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिरहेको छ । सेनाले हालसम्म चार हजार ९१ नेपाली र २७३ विदेशी नागरिकको हवाई उद्धार गरेको जनाएको छ ।

खोज तथा उद्धारका क्रममा नेपाली सेनाले हालसम्म ७१५ पटक हवाई उडान गरेको छ । बुधबार मात्रै सेनाले २५ वटा हवाई उडान सञ्चालन गरेको प्राधिकरणले जनाएको छ। निजी क्षेत्रबाट पनि हालसम्म १२९ वटा हवाई उडान मार्फत उद्धार तथा राहत कार्यमा सहयोग पुगेको छ । सडक सम्पर्कविच्छेद भएका र दुर्गम क्षेत्रमा हवाई माध्यमबाट उद्धारसँगै राहत सामग्री पुर्याउने काम जारी रहेको प्राधिकरणले जनाएको छ ।

भोटेकोशी नदीमा आएको बाढीले एकैपटक ठूलो मानवीय तथा भौतिक क्षति पुर्याएपछि राज्यका सुरक्षा निकाय, स्थानीय तह र विभिन्न सरकारी तथा गैरसरकारी निकाय निरन्तर उद्धार, उपचार र राहत व्यवस्थापनमा सक्रिय छन् । अझै चार हजारभन्दा बढी व्यक्ति सम्पर्कविहीन रहेकाले उनीहरूको खोजी तथा उद्धारलाई थप तीव्र बनाइएको प्राधिकरणले जनाएको छ।

# कोशी प्रदेशसभा : वार्षिक प्रतिवेदन पेस

विराटनगर । कोशी प्रदेशसभाको बिहीबारको बैठकमा ‘मुस्लिम आयोगको सातौं वार्षिक प्रतिवेदन’ सभामा पेस भएको छ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीका तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री गोम्बु शेर्पाले आर्थिक वर्ष २०८१/८२ को सो वार्षिक प्रतिवेदन सभामा पेस गर्नुभएको हो । सो प्रतिवेदनलाई सभामुख अम्बरबहादुर विष्टले आवश्यक छलफलका लागि सामाजिक विकास समितिमा पठाएको जानकारी दिनुभयो ।

कोशी प्रदेशसभा न्याय, प्रशासन तथा विधायन समितिको सभापति कमला दर्नालले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सदनमा पेस गर्नुभयो ।

शून्य समय

शून्य समयमा कोशी प्रदेशसभा सदस्य गीतारानी महतो, सिर्जना राई, रामदेव यादव, तारादेवी ढकाल, लखीकुमारी गणेश, मैया श्रेष्ठ र शोभा चेम्जोङले भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीमा ज्यान गुमाएकोप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

सो क्रममा उहाँहरूले बाढीको चपेटामा परेका नागरिकको खोज, उद्धार, उपचार, राहतको कार्यसँगै उचित बासको व्यवस्थपन गर्न सरकारसँग माग गर्नुभयो । उहाँहरूले विपद्मा तीनै तहका सरकार, नागरिक समाज, विभिन्न सङ्घसंस्था मिलेर काम गर्न सुझाव पनि दिनुभयो । अर्को बैठक भदौ २२ गते दिउँसो १:०० बजे बस्नेछ।

# मानसिक स्वास्थ्यमा ध्यान दिन सुझाव

काठमाडौँ । रसुवा बाढीपछि प्रभावित क्षेत्रका नागरिकको जनस्वास्थ्यमा गम्भीर सङ्कट आउनसक्ने हुँदा समयमै सावधानी अपनाउन चिकित्सकले सल्लाह दिनुभएको छ ।

ग्राण्डी अन्तरराष्ट्रिय अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा अमित गौली बाढी प्रभावित क्षेत्रमा विभिन्न रोग फैलिनसक्ने भएकाले विशेष सावधानी अपनाउनु पर्ने बताउनुहुन्छ । बाढीपछि विशेषगरी दूषित पानी र अस्वस्थ खानपानका कारण झाडापखाला जस्ता पेटसम्बन्धी रोग र श्वास प्रश्वास को समस्या बढ्ने सम्भावना भएकाले विशेष ख्याल दिनुपर्ने चिकित्सकको भनाइ छ। डा गौलीका अनुसार बाढीका क्रममा लागेका घाउचोटमा सङ्क्रमणको जोखिम हुने भएकाले समयमै उपचारको व्यवस्था मिलाउन आवश्यक छ ।

डा गौली भन्नुहुन्छ, “त्यस अवस्थामा औषधि खाइरहेका बिर ामीले नियमितता कायम गर्न नसक्दा र नयाँ सङ्क्रमण थपिँदा जोखिम बढ्ने भएकाले विशेष सावधानी अपनाउन आवश्यक रहेको छ ।”

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com